आज मिति २०८१ साल असोज १८ गतेका दिन गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकि | |
| ५ | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| १० | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

सहायक कर्मचारीहरुः
श्री प्रमोद भट्टराई
श्री रवि कटवाल

**प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा।

२. नेपालीहरुको महान चाड बडादशैं, शुभ दिपावली, छठ पर्व तथा मौलो पुजा सम्बन्धमा।

३. विविध समसामयिक।

**निर्णयहरुः-**

**१. निर्णय नं. १, प्रस्ताव नं. १ उपरको निर्णयः**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

**२. निर्णय नं. २, प्रस्ताव नं. २ उपरको निर्णयः**

प्रस्ताव नं २ माथि आवश्यक छलफल गर्दा आसन्न विजयादशमी, दिपावली एवम् छठ पर्व २०८१ सालको पावन अवसरमा समस्त लिखुबासी आमाबुवा, दाजु-भाई, दिदी-बहिनी तथा देशविदेशमा रहनु हुने समस्त नेपालीहरुमा सु-स्वास्थ्य दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो।

क) विजयादशमी २०८१ को लागि देहाय बमोजिमको सुरक्षा चौकीमा मौलो पुजा खर्च, आर्थिक वर्ष ०८१/८२ को विविध खर्च शीर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

| **क्र.स.** | **सुरक्षा चौकी** | **रकम रु.** |
|---|---|---|
| १ | सशस्त्र प्रहरी बेस, घोराखोरी | २०,०००।०० |
| २ | प्रहरी चौकी, यसम | २०,०००।०० |
| ३ | प्रहरी चौकी, गाम्नाङ्टार | २०,०००।०० |
| ४ | पालिका प्रहरी, यसम | २०,०००।०० |
| | **जम्मा** | **८०,०००।००** |

**३. निर्णय नं. ३, प्रस्ताव नं. ३, उपर निर्णय,**

प्रस्ताव नं ३ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिकाको विविध समसामयिक विषयहरुमा देहाय अनुसार सर्वसम्मत निर्णय गरियो।

क) लिखु गाउँपालिकाको पञ्जिकरण शाखामा कार्यरत एम आइएस अपरेटर खिला विश्वकर्माले कार्यालयको कामकाजमा बारम्बार असहयोग गरेको तथा निजको कार्यसम्पादन मूल्याङ्कनमा समेत ७५ अङ्क भन्दा कम प्राप्त गरेकोले निजको करार अवधी नविकरण नगर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) माथि आवश्यक छलफल गर्दा कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मतबाट निर्णय गरियो ।